**आज मिति २०७९/०३/१६ गते बिहिवार दिनको १:०० बजे क.उ.म.न.पा.को मर्यादित सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको ५औं बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।**

**<u>छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-</u>**

१. गत विगत आ.व. का योजना फरफारक सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कलैया उपमहानगरपालिकाको आ.व. २०७५/७६, २०७६/७७, २०७७/७८ योजनाहरुको सम्झौता कोभिड-१९ को कारणले समयमा सम्झौता तथा कायदिश हुन नसकेको र सम्झौता भइ कायदिश भएको योजनाहरु पनि समयमा शुरु नभई सम्पन्न पनि गर्न नसकिएका तथा शुरु गरि योजनाको उद्देश्य पुरा नहुने गरि थोरै लगानी भएको तथा कुनै योजनामा उजुरी परि छानबिनको प्रक्रियामा रहेको र बोलपत्रको माध्यमद्वारा सम्झौता कायदिश भएका योजनाहरु बाहेक आ.व. २०७८/७९ समेतको योजनाहरुलाई फरफारक गर्न सम्बन्धित उपभोक्ता समितिले दिएको निर्णय, निवेदन सम्बन्धित साइट इन्जिनियरहरुबाट स्थलगत निरीक्षण पश्चात भएको मुल्यांकन बमोजिम हुने रकम भुक्तानी गरि फरफारक गर्ने निर्णय गरियो ।

२. न्यायिक समितिको लागि सदस्य छनौट गरि नगर सभामा अनुमोदनको लागि पेश गर्ने सम्बन्धमा ।

निर्णय :- न्यायिक समिति सदस्यको लागि कार्यपालिका सदस्य श्री धमेन्द्र कुमार यादव र श्री ध्रुव ~~प्रसाद~~ ~~यादव~~ ज्युलाई नगर सभाबाट अनुमोदन गर्नको लागि पेश गर्ने निर्णय गरियो ।

३. भेरियसनलाई अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय :- आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ मा संचालन भइ सम्पन्न भएका योजनाहरुमा रहे भएका विभिन्न बाध्यताको कारणले नगरबासि र वडाध्यक्ष ज्युको माग र सहमति भए अनुसार यस न.पा. का प्रमुख, उपप्रमुख र प्र.प्र.अ. ज्युहरुबाट फिल्ड योजना निरीक्षण गर्दा मोखिक र लिखित आदेश अनुसार साइडको आवश्यकता बमोजिम स्वीकृत लागत अनुमान अंकमा नबढ्ने गरि आइटम वाइज भएको भेरियसनलाई अनुमोदन गर्ने निर्णय गर्ने ।

४. लोक कल्याणकारी र शुभकामना विज्ञापन सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा पत्रपत्रिकालाई लोक कल्याणकारी र शुभकामना विज्ञापन वापत बारा जिल्ला भित्र प्रकाशित हुने पत्रिकालाई चौमासिक रु. १००००/- हुने गरि वार्षिक रु.३००००/- र जिल्ला बाहिर प्रकाशित हुनेलाई चौमासिक रु. ५०००/- हुने गरि वार्षिक रु.१५०००/- विल भर्पाइ अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

५. नगर शिक्षा समिति बिघटन गर्ने सम्बन्धमा ।

निर्णय :- २०७४ मा गठित नगर शिक्षा समिति विघटन गरि अर्को नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

६. साविक नागरिक सचेतना केन्द्रलाई दिप शिखा सहकारी संस्थामा गाभ्ने सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा गत विगत वर्षमा एल.जि.सि.डी.पि./ स्थानीय विकास मन्त्रालयद्वारा संचालित नागरिक सचेतना केन्द्रको रकम दिप शिखा सहकारी संस्थालाई हस्तान्तरण गर्ने